प्रदेश सरकार
प्रदेश नं. २
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
## सिराहा

## प्रस्ताव आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित: मिति २०७७/११/१८)**

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, सिराहाको आ.व. २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय वमोजिमका कार्यक्रमहरु लागत साझेदारीमा संचालन गर्न ईच्छुक कृषक, कृषक समूह, कृषि सहकारी संस्था/कृषि उत्पादनमा संलग्न नीजि फर्म/उद्यमीहरुले यो सूचना प्रकाशन भएको मितिले १५ औं दिन (मिति २०७७/१२/०३) सम्म यस विज्ञ केन्द्रमा कार्यालय समय भित्र कार्यक्रम अनुसारको तपसिल वमोजिमका कागजातहरु संलग्न राखी सिलवन्दी आवेदन/प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

**देहाय:**

| क्र.सं. | कार्यक्रमको नाम | इकाई | लक्ष्य परिमाण | कार्यक्रम संयोजक र सम्पर्क फोन/मोवाईल नं. |
|---|---|---|---|---|
| १. | माछा/मासु वजारको पूर्वाधार निर्माण तथा सुदृढीकरण कार्यक्रम। | संख्या | १ | श्री विरेन्द्र कुमार यादव (९८५२८३४८०२) ☎०३३-५-२०००८ |
| २. | जिउँदो माछा वजारको पूर्वाधार निर्माण तथा सुदृढीकरण। | संख्या | १ | |
| ३. | प्रमुख शहरहरुमा मीटमार्टको स्थापना तथा सुदृढीकरण। | संख्या | १ | |
| ४. | डेरी पसल सुधार कार्यक्रम। | संख्या | १ | |
| ५. | डेरी पार्लर। | संख्या | १ | |
| ६. | सफा तथा स्वस्थ दुध उत्पादन, प्रशोधन तथा वजारीकरण सम्वन्धी कार्यक्रम। | संख्या | १ | |
| ७. | शहरी क्षेत्रमा छाडारुपमा पालिरहेका वंगुर पालन संरक्षण कार्यक्रम। | संख्या | ४ | |

**तपसिल,**

१. रु.१०/- को हुलाक टिकट टाँसेको फा.नं.२ अनुसारको प्रस्ताव/आवेदन,
२. फा.नं. ३ अनुसारको संक्षिप्त कार्य योजना, समूह/सहकारी संस्थाको हकमा कार्य समितिको निर्णयको प्रतिलिपि, व्यवसाय योजना बमोजिमको डिजाईन र लागत अनुमान (कार्यक्रम अनुसार),
३. व्यक्तिको हकमा नीजको तथा कानून वमोजिम दर्ता भएका समूह, सहकारी, व्यावसायिक नीजि फार्मको प्रस्तावमा हस्ताक्षर गर्ने आधिकारिक व्यक्तिको नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि, तालिम, अनुभव, शैक्षिक योग्यताका प्रमाणपत्रका प्रतिलिपिहरु, व्यावसायिक फार्म/समूह/सहकारी/नीजि फार्म/उद्योगीको हकमा सम्वन्धित निकायमा दर्ता भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्वर (PAN) प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि, समूह/सहकारीको हकमा कार्यक्रम कार्यान्वन प्रतिवद्धता सम्वन्धी आधिकारिक वैठकको निर्णयको प्रतिलिपि (कार्यक्रम अनुसार),
४. कार्यक्रम संचालन गर्नु पर्ने स्थानको जग्गाको जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि वा लिजमा लिएको जग्गाको हकमा जग्गाधनी प्रमाण पूर्जा समेत करार पत्र (नोटरी पव्लिकवाट प्रमाणित) वा जग्गाधनीको सक्कल मन्जूरीनामा (५-१० वर्ष अवधिसम्म कार्यक्रम अनुसार)। स्थानीय तहले तोकेका सार्वजनिक जग्गा, स्थानीय तहको सिफारिस, अन्य आवश्यक कागजातहरु (कार्यक्रम अनुसार)।

**पुनश्च:** सूचना तथा निवेदन/प्रस्तावको ढाँचा कार्यालयवाट प्राप्त गर्नु हुन वा कार्यालयको वेवसाईट: vhlsecsiraha.p2.gov.np वाट डाउनलोड गर्नु हुन अनुरोध छ।